## बैठक संख्या - १६

आज मिति २०८० साल वैशाख महिनाको १३ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोख्रेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :-

- डॉ. विनय कुमार यादव
- डॉ. शोभमणि पौडेल
- कैलाश चन्द्र चौधरी (स्वास्थ्य शाखा प्रमुख)
- श्याम बहादुर वि.क. (शिक्षा शाखा प्रमुख)

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौ, लेखा

श्री पुनाराम शर्मा, अधिकृत छैठौं, सा.प्र.

श्री कृष्ण प्रसाद पौडेल

CamScanner

# बैठक संख्या : १६

मिति २०८०/०१/१३ गतेको गाउँकार्यपालिका बैठकका प्रस्तावहरू

१. अघिल्ला गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सो को कार्यान्वयन पक्ष सम्बन्धमा ।

२. अनुगमन समिति संयोजक गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

३. अर्धवार्षिक तथा दोस्रो चौमासिक सार्वजनिक सुनुवाईको मिति र स्थान तय गर्ने सम्बन्धमा ।

४. उठैया - खज्रौट - कक्रहवा जोड्ने सडक र लालपुर देखि लोखरपुर हुँदै धर्मपुर जोड्ने बाटो कालोपत्रे निरन्तरता सडकखण्डमा रहेका विद्युत पोलहरूको स्थानान्तरण सम्बन्धमा ।

५. गढवा गाउँपालिका गाउँकार्यपालिका अन्तर्गत रहेका विषयगत समितिहरूको बैठक सम्बन्धमा ।

६. गढवा गाउँपालिकाको गौशाला निर्माण सम्बन्धमा ।

७. LISA, FRA, M.T.E.F र योजना तर्जुमा प्रक्रियाको तालिम सञ्चालन सम्बन्धमा ।

८. कृषि पशु साझेदारी कार्यक्रम (हेफर) को प्रगति सम्बन्धमा ।

९. शिक्षक दरबन्दी मिलान समिति गठन सम्बन्धमा ।

१०. वडा नं. १ स्थित गोवरडिहा स्वास्थ्य चौकीको एम्बुलेन्स मर्मत सम्बन्धमा ।

११. गढवा गाउँपालिकामा माटोका भाडा बनाउने सेरामिक्स उद्योगको हव सञ्चालन सम्बन्धमा ।

१२. गढवा २ स्थित नमुना प्राथमिक विद्यालयको परिसरमा २०७९ असोजमा वर्षातले क्षति पुगि सरसफाई गर्दा लागेको खर्च सम्बन्धमा ।

१३. गढवा ३ अन्तर्गतमा रहेको महादेवा खानेपानी योजना तथा सरसफाई उपभोक्ता समिति स्किम नं.००२ को कार्यालयमा लुम्बिनी प्रदेश स्तरको नास्ट कार्यालयको उत्घाटन खर्च सम्बन्धमा ।

१४. नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ (लापा) अन्तर्गतका योजनाहरूको म्याद थप गर्ने सम्बन्धमा ।

१५. शिक्षा समितिमा भएका निर्णय सम्बन्धमा ।

१६. नदीजन्य पदार्थसम्बन्धी आय ठेक्का लागेका घाटहरूको व्यवस्थापन गर्ने

गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सम्बन्धमा।

१७. प्राविधिक समितिको सिफारिस बमोजिम घ वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने सम्बन्धमा ।

१८. विविध विषय सम्बन्धमा ।

## निर्णयहरू

**प्रस्ताव नम्बर १. अघिल्ला गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सोको कार्यान्वियन पक्ष सम्बन्धमा ।**

**निर्णय नम्बर १** : यस गढवा गाउँपालिकाको मिति २०७९/१२/२३ गते बसेको गाउँकार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**प्रस्ताव नम्बर २. अनुगमन समिति संयोजक गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नम्बर २** : यस गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०७९/०८० मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयन चरणमा तथा सम्पन्न भएपश्चात गरिएका सम्पूर्ण अनुगमनको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा व्यापक छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ३. आ.व. २०७९।०८० को अर्धवार्षिक तथा दोस्रो चौमासिक सार्वजनिक सुनुवाईको मिति र स्थान तय गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर ३** : यस गढवा गाउँपालिकाको चालु आ.व. २०७९/०८० को अर्धवार्षिक तथा दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सभाहल, गढवा-६ मा यही बैशाख महिनाको २० गतेका दिन विहान ११ बजेदेखि संचालन गर्ने साथै उक्त कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका लागि लुम्बिनी प्रदेश सुशासन केन्द्रबाट आर्थिक तथा प्राविधिक सहयोग हुने बुझिएकोले उक्त कार्यक्रम समन्वय तथा सहजिकरणका लागि यस गाउँपालिकाको तर्फबाट सुचना तथा प्रविधि शाखाका अधिकृत श्री संजित पौडेल तथा वडा नम्बर ६ का वडा अध्यक्ष श्री वीर बहादुर आलेमगरलाई जिम्मेवारी तोक्ने साथै प्रचारप्रसारको लागि स्थानीय रेडियो तथा सामाजिक सञ्जाल मार्फत सार्वजनिक सूचना आह्वान गर्ने, वडा कार्यालय, चोक तथा भिडभाड हुने स्थानमा सार्वजनिक सूचना टाँस गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सम्बन्धमा।

१७. प्राविधिक समितिको सिफारिस बमोजिम घ वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने सम्बन्धमा ।

१८. विविध विषय सम्बन्धमा ।

## निर्णयहरू

**प्रस्ताव नम्बर १. अघिल्ला गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सोको कार्यान्वयन पक्ष सम्बन्धमा ।**

**निर्णय नम्बर १ :** यस गढवा गाउँपालिकाको मिति २०७९/१२/२३ गते बसेको गाउँकार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**प्रस्ताव नम्बर २. अनुगमन समिति संयोजक गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नम्बर २ :** यस गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०७९/०८० मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयन चरणमा तथा सम्पन्न भएपश्चात गरिएका सम्पूर्ण अनुगमनको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा व्यापक छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ३. आ.व. २०७९।०८० को अर्धवार्षिक तथा दोस्रो चौमासिक सार्वजनिक सुनुवाईको मिति र स्थान तय गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर ३ :** यस गढवा गाउँपालिकाको चालु आ.व. २०७९/०८० को अर्धवार्षिक तथा दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सभाहल, गढवा-६ मा यही बैशाख महिनाको २० गतेका दिन विहान ११ बजेदेखि संचालन गर्ने साथै उक्त कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका लागि लुम्बिनी प्रदेश सुशासन केन्द्रबाट आर्थिक तथा प्राविधिक सहयोग हुने बुझिएकोले उक्त कार्यक्रम समन्वय तथा सहजिकरणका लागि यस गाउँपालिकाको तर्फबाट सुचना तथा प्रविधि शाखाका अधिकृत श्री संजित पौडेल तथा वडा नम्बर ६ का वडा अध्यक्ष श्री वीर बहादुर आलेमगरलाई जिम्मेवारी तोक्ने साथै प्रचारप्रसारको लागि स्थानीय रेडियो तथा सामाजिक सञ्जाल मार्फत सार्वजनिक सूचना आह्वान गर्ने, वडा कार्यालय, चोक तथा भिडभाड हुने स्थानमा सार्वजनिक सूचना टाँस गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताब नम्बर ४. उठैया - खज्रौट - कक्रहवा जोड्ने सडक र लालपुर देखि लोखरपुर हुँदै धर्मपुर जोड्ने बाटो कालोपत्रे निरन्तरता सडकखण्डमा रहेका विद्युत पोलहरूको स्थानान्तरण सम्बन्धमा ।**

**निर्णय नम्बर ४ :** यस गढवा गाउँपालिका अन्तर्गत उठैया खज्रौटा कक्रहवा जोड्ने सडक र लालपुर देखि लोखरपुर हुदैं धर्मपुर जोड्ने सडकखण्डमा प्राविधिक लागत अनुमान तयार गर्दा विद्युतका पोल तथा तारहरू स्थानान्तरण गर्ने ITEM छुट भई निर्माण कार्य गर्न असहज भएको र विद्युत सम्बन्धी कार्यको लागत अनुमन गर्न प्राविधिक विज्ञता आवश्यक पर्ने भएको हुदाँ लागत अनुमान तयार गर्न नेपाल विद्युत प्राधिकरण, लमहीलाई पत्रचार गर्ने र भुक्तानीको लागि आवश्यक रकम सोही योजनाको कन्टिजेन्सी खर्च शिर्षकबाट कट्टी हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ५. गढवा गाउँपालिका गाउँकार्यपालिका अन्तर्गत रहेका विषयगत समितिहरूको वैठक सम्बन्धमा ।**

**निर्णय नम्बर ५:** गढवा गाउँपालिका गाउँकार्यपालिका अन्तर्गत रहेका विषयगत समितिहरूको वैठक कम्तीमा दुई महिनाको एक पटक वस्नुपर्नेछ र सो वैठकबाट पारित निर्णयहरू गाउँकार्यपालिकामा अनिवार्य पेश गर्नुपर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ६. गढवा गाउँपालिकाको गौशाला निर्माण सम्बन्धमा ।**

**निर्णय नम्बर ६ :** यस गढवा गाउँपालिकामा चालु आ.व. २०७९/०८० मा गौशाला निर्माण प्रयोजनका लागि बजेट विनियोजन भई वडा नम्बर ७ अर्न्तगत मानपुर खोला देखि पूर्व र दामोदर रोडदेखि दक्षिण क्षेत्रमा पर्ने ऐलानी जग्गामा उक्त गौशाला व्यवस्थापनका लागि भौतिक संरचना निर्माण गर्ने निर्णय भएको हुदाँ र सो गौशाला निर्माण कार्य गर्दा आईपर्ने समस्या तथा चुनौतीहरूको समाधान गरी गौशाला निर्माणको लागि वडा नम्बर ७ को वडाकार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ७. LISA, FRA, M.T.E.F र योजना तर्जुमा प्रक्रियाको तालिम सञ्चालन सम्बन्धमा ।**

**निर्णय नम्बर ७ :** यस गढवा गाउँपालिकाका जनप्रतिनिधिहरू (कार्यपालिका सदस्य) र गाउँपालिकामा कार्यरत कर्मचारीहरूलाई लक्षित गरि LISA, FRA, M.T.E.F र योजना तर्जुमा प्रक्रियाका विषयबस्तुहरू समेटेर क्षमता विकास तालिम कार्यक्रम यस आ.व.मा लुम्बिनी प्रदेश सुशासन केन्द्रसँग समन्वय गरि यथासिघ्र संचालन गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नम्बर ८. कृषि तथा पशु साझेदारी कार्यक्रम (हेफर) को प्रगति समिक्षा सम्बन्धमा ।**

**निर्णय नम्बर ८ :** कृषि गढवा गाउँपालिका, हेफर प्रोजेक्ट नेपाल र ग्रामिण महिला उत्थान केन्द्रको साझेदारीमा संचालित गढवा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजनाको परियोजना अनुगमन तथा समन्वय समितिको बैठक २ मा भएका निर्णयहरूको छलफल गरि समिक्षा गरियो । साथै यस आ.व. मा ६ वटा नमुना खोर निर्माण गर्ने भनिएकोमा २ वटा थप गरि प्रत्येक वडामा एकएक वटा नमुना खोर निर्माण गर्ने र २ वटा तरकारी पकेट क्षेत्र निर्माण गर्न आवश्यक बजेट संशोधन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ९. शिक्षक दरबन्दी मिलान समिति गठन गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर ९ :** यस गढवा गाउँपालिकाको दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९ को दफा ४ को उपदफा १ अनुसार गढवा गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा विषयगत दरबन्दी मिलान गर्न तपशिल बमोजिमका सदस्य रहने निर्णय गरियो ।

तपशिल :

लेख बहादुर थापा - सदस्य
भक्तु चौधरी - सदस्य
चन्द्रा भण्डारी - सदस्य

**प्रस्ताव नम्बर १०. वडा नं. १ स्थित गोवरडिहा स्वास्थ्य चौकीको एम्बुलेन्स मर्मत सम्बन्धमा ।**

**निर्णय नम्बर १० :** यस गढवा गाउँपालिकाको वडा नं. १ मा रहेको गोवरडिहा स्वास्थ्य चौकीबाट संचालित एम्बुलेन्स बिग्रिई एम्बुलेन्स सेवा अबरूद्ध भएको र एम्बुलेन्स मर्मतको लागि उक्त स्वास्थ्स्य संस्थामा आवश्यक रकम अभाव भएको हुदाँ एम्बुलेन्स सहितको स्वास्थ्य सेवा संचालन गर्न मर्मतको लागि प्राविधिक लागत अनुमान तयार गरी एम्बुलेन्स मर्मतसंभार गर्ने र मर्मतको लागि आवश्यक खर्च गढवा गाउँपालिकाको कार्यालयले व्यहोर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ११. गढवा गाउँपालिकामा माटोका भाडा बनाउने सेरामिक्स उद्योगको हव सञ्चालन सम्बन्धमा ।**

**निर्णय नम्बर ११ :** यस गढवा गाउँपालिका अन्तर्गत वडा नं. १ स्थित पत्रिङ्गा, वडा नं. ३ स्थित खैरा गाउँ र वडा नं. ६ स्थित कुमाल बस्तीमा स्थानीयस्तरमा नै सिप र प्रविधि प्रयोग गरि माटोका भाडा उत्पादन गर्दै आईरहेकोमा व्यावसायिकरूपमा उत्पादन क्षमता वृद्धि गर्न माटोको भाडा निर्माण गर्ने सेरामिक्स हव निर्माण गरि सञ्चालन गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताब नम्बर १२. गढवा २ स्थित नमुना प्राथमिक विद्यालयको परिसरमा २०७९ असोजमा वर्षातले क्षति पुगि सरसफाई गर्दा लागेको खर्च सम्बन्धमा ।**

**निर्णय नम्बर १२** : यस गढवा गाउँपालिका वडा नं. २ अन्तर्गत रहेको नमुना प्राथमिक विद्यालय, महदेवामा मिति २०७९ साल आश्विन महिना १८ गते परेको अविरल वर्षाले विद्यालय परिसर तथा कक्षा कोठामा वालुवा गिट्टी पसि क्षति भएको हुदाँ सरसफाई गर्दा लागेको रकम रू. ३८,४०० (अक्षरूपी अठ्तिस हजार चार सय रूपैयाँ मात्र) २ नं. वडा कार्यालयको सिफारिस र विपद व्यवस्थापन समितिको निर्णय बमोजिम श्री नमुना प्राथमिक विद्यालयलाई विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताब नम्बर १३. गढवा ३ अन्तर्गत रहेको महादेवा खानेपानी योजना तथा सरसफाई उपभोक्ता समिति स्किम नं.००२ को कार्यालयमा लुम्बिनी प्रदेश स्तरको नास्ट कार्यालयको उत्घाटन खर्च सम्बन्धमा ।**

**निर्णय नम्बर १३** : गढवा गाउँपालिका वडा नं. ३ अन्तर्गत रहेको महदेवा खानेपानी योजना तथा सरसफाई उपभोक्ता समिति स्किम नं.२ गोवरडिहाको कार्यालयमा लुम्बिनी प्रदेश स्तरको कार्यालय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान विशिष्टिकृत अनुसन्धान केन्द्र(नाष्ठ) को कार्यालय स्थापनाको लागि बाटो फराकिलो, सरसफाई तथा सामान ओसारपसार गर्दा लागेको खर्च रू.२२,६६५।०० ( अक्षरूपी बाईस हजार छ सय पैसठ्ठी रूपैयाँ मात्र) ३ नं. वडा कार्यालयको वडा समितिको निर्णय र सिफारिस बमोजिम महदेवा खानेपानी योजना तथा सरसफाई उपभोक्ता समितिलाई प्रदेश सरकारको विशेष अनुदान अन्तर्गतको राजधानी व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताब नम्बर १४. नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ (लापा) अन्तर्गतका योजनाहरूको म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १४** : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ (लापा) अन्तर्गतका योजनाहरूको हालसम्म ६० प्रतिशत भौतिक प्रगति भएको र सम्झौता अवधिभर सम्ममा अन्तिम कार्यसम्पन्न हुन नसक्ने देखिएको हुदाँ सो कार्यक्रम अन्तर्गत सञ्चालित योजनाहरूको मिति २०८० जेष्ठ १५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर १५. शिक्षा समितिमा भएका निर्णय सम्बन्धमा ।**

**निर्णय नम्बर १५** : मिति २०७९।१२।२७ गतेका दिन वसेको शिक्षा समितिको वैठकमा भएका निर्णयहरू समिक्षा गरि सो निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नम्बर १६. नदीजन्य पदार्थसम्बन्धी आय ठेक्का लागेका घाटहरूको व्यवस्थापन गर्ने सम्बन्धमा।**

**निर्णय नम्बर १६** : यस गढवा गाउँपालिका अन्तर्गतका नदी तथा खोलाहरूको आ.ई.ई स्विकृत भई आय ठेक्का लागेका घाटहरूमा नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्यमा हुन सक्ने सम्भावित अनियमिततालाई रोक्नका लागि मलमला दोभान घाटमा २ जना र अन्य चारवटा घाटमा प्रति घाट एक जनाको दरले जम्मा ६ जना वडा कार्यालयको सिफारिसमा स्थानीय बासिन्दालाई निरिक्षण कार्यको खटाउने, जसका लागि प्रतिदिन प्रतिव्यक्ति रू ५८० पाचँ सय असि मात्र सय) का दरले मात्र विपद व्यवस्थापन कोषबाट भुक्तानी हुनेगरि कामकाजमा लगाउने निर्णय गरियो । साथै जिम्मेवार प्राप्त कर्मचारीले प्रत्येक दिन वडा कार्यालयमा र साप्ताहिकरूपमा गढवा गाउँपालिकाको कार्यालयमा कार्यप्रगति पठाउनु पर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १७. प्राविधिक समितिको सिफारिस बमोजिम घ वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १७** : यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतका लागि पर्न आएका निवेदन बमोजिम आवश्यक रित पुऱ्याई पेश भएका निर्माण व्यवसायीहरूमध्ये निर्माण व्यवसायीहरूलाई 'घ' वर्गको ईजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम यस गढवा गाउँपालिकामा गठित जाँचबुझ तथा सिफारिस समितिको मिति २०८० साल वैशाख महिनाको १३ गतेको सिफारिस बमोजिम तपशिल बमोजिमका निर्माण व्यवसायीहरूलाई घ वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

तपशिल :

| सि.नं. | फर्मको नाम | प्रोपराइटर | ठेगाना |
|---|---|---|---|
| १ | भूमिज कन्स्ट्रक्सन प्रा.ली. | ढकबहादुर महतरा | गढवा गा.पा. वडा नं. १ |
| ल | अनु आनन्द निर्माण एण्ड सप्लायर्स | आनन्द चौधरी | गढवा गा.पा. वडा नं. २ |
| ३ | फोर साइट कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा.ली. | बविता भण्डारी | गढवा गा.पा. वडा नं. ७ |
| ४ | जि.पि.एल निर्माण सेवा | गोमा डांगी | गढवा गा.पा. वडा नं. ७ |

**प्रस्ताव नम्बर १८ : विविध विषय सम्बन्धमा ।**

**निर्णय नम्बर १८** : महिला तथा बालबालिका (लक्षित वर्ग समेत) शाखाको आ.व. २०७९ ०८० को
वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत २०७९।१०।२९ गतेको गाउं कार्यपालिकाको निर्णय अनुसार सि.न ८
आदिवासी जनजाति तर्फ : संस्कृति जगेर्ना अडियो भिडियो निर्माण कार्यक्रम शीर्षकमा रू ३,००,०००।-
विनियोजित बजेट कार्यक्रम गढवा गाउँपालिकाभर संचालनार्थ मान्नमी संचार तथा प्रकाशन प्रा.लि.
कुपण्डोल, ललितपुर संस्थालाई र सि.न. ११ महिला तर्फ : घरेलु हिंसा, लैंगिक हिंसा तथा मानव
बेचबिखन सम्बन्धी सचेतनामूलक कार्यक्रममा रू. १,६०,०००।- मा बाँकी बजेट रू ७४,१००।- बजेटको
कार्यक्रम वडा न. ४ र ५ समेटेर एक स्थानमा र वडा न. ८ मा संचालन गर्नका लागि स्वच्छ नेपाल,
घोराही संस्थासंग गढवा गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०७९
को परिच्छेद २, दफा ४ (क) बमोजिम कम्तिमा ३० प्रतिशत लागत साझेदारीमा संचालन गर्ने निर्णय
गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नम्बर १९ :** यस गढवा गाउँपालिका अन्तर्गत वडा नम्बर ६ स्थित गढवा बजार क्षेत्रको फोहोर व्यवस्थापनको कार्य हाल सर्वोदय सामुदायिक वन क्षेत्रमा भईरहेकोमा फोहोर व्यवस्थापन गर्दा फोहोरको दुर्गन्ध तथा जैविक तथा रासायनिक फोहोरहरूले हुने जल तथा माटो प्रदुषणको क्षतिपूर्ति स्वरूप प्रतिवर्ष यस गढवा गाउँपालिकाको तर्फबाट श्री सर्वोदय सामुदायिक वनलाई रू २,००,०००।- (अक्षेरेपी दुई लाख रूपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner